# कविलासी नगरपालिकाको चौथो नगर सभाको पहिलो बैठकमा उपप्रमुख श्री राधा देवीले प्रस्तुत गर्नु भएको

## आर्थिक बर्ष २०७७।०७८ को
## बजेट वक्तव्य

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७७
www.kabilasimun.gov.np

नगर सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यूहरू,

१. कविलासी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभा समक्ष आगामी आर्थिक बर्ष २०७७।०७८ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई अपार हर्षको अनुभूति भई रहेको छ ।

२. यस घडिमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायत पटक-पटकको आन्दोलन एवं संघर्षको गौरवपूर्ण ईतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । सहिदका परिवारजन र विभिन्न आन्दोलका क्रममा अंगभंग भई कठिन जीवन यापन गरि रहनु भएका नागरिकहरूलाई श्रद्धापूर्वक नमन गर्दै वहाँहरूको त्याग र बलिदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महाब्याधीबाट देश विदेशमा ज्यान गुमाउनु भएका नागरिकहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वहाँहरूको परिवारजन प्रति सहानुभूति प्रकट गर्दछु । साथै, महाब्याधी बाट संक्रमित हुनु भएकाहरूको सिघ्र स्वास्थ्य लाभको लागि कामना गर्दछु ।

४. नेपालमा राजनैतिक संक्रमणको लामो कालखण्डको अन्त्य भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र बलिदानबाट हालसम्म प्राप्त भएका राजनैतिक उपलब्धिहरूको रक्षा गर्दै विद्यमान गरिबी, पछौटेपन, सामाजिक अन्धविश्वास, कुरिती र विभेदको अन्त्य गरी यस नगरपालिकालाई समृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ ।

५. विगत तिन वर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीब्रता दिने मार्गमा कोरोना महामारीको कारण ठूलो अबरोध पुगेको छ । शताब्दीकै यस विषम परिस्थितिमा सबै राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यबद्धताले वर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास छ ।

६. आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनुपर्छ भन्नेमा म सजग छु । यस अवस्थामा सबै नगरबासीको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जोगाउने र नगरको तीब्र विकासको बाटोमा लैजाने गरी मैले बजेट तर्जुमा गरेको छु ।

७. नगरपालिकाले आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै नगरवासीको सुशासन, उन्नति र समृद्धिको आकांक्षा पूरा गर्न हर सम्भव प्रयासरत रहेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु ।

८. नेपाल सरकार र प्रदेश सरकारबाट आ.व. २०७७।०७८ को बजेट वक्तव्य मार्फत घोषित आयोजना तथा कार्यक्रमहरू सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

९. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हक राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्द्रौं आवधिक योजना, विभिन्न मन्त्रालयहरूले प्रस्ताव गरेका नीतिगत प्राथमिकताहरू र तिनीहरूले निर्धारण गरेका मापदण्डहरू, विकास सहायता एजेन्सीहरूले विभिन्न मुलुकमा कोभिड-१९ बाट उत्पन्न परिस्थितिको लेखाजोखा गर्न विकास गरेका औजार र सहायता रणनीतिहरू, कविलासी नगरपालिकाका नीति तथा कार्यक्रम तथा नगरपालिकाका पदाधिकारीज्यूहरूले दिनु भएको सुझावहरू, टोल वस्ती एवं वडा भेलाबाट व्यक्त भएका जनअपेक्षा, पूर्व बजेट छलफल एवं मिति २०७७।०३।०२ गते आयोजना गरिएको छलफल कार्यक्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरू तथा आ.व. २०७६।०७७ को बजेट वक्तव्यमा उल्लिखित महत्वपूर्ण कार्यक्रमहरूलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रूपमा लिएको छु ।

राधा देवी

कविलासी नगरकार्यपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, सर्लाही
कविलासी, सर्लाही
२ न. प्रदेश, नेपाल

राधा देवी
उप-प्रमुख

१०. ४८.१ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित ४२,३३६ जनसंख्या भएको कविलासी नगरपालिकाको आर्थिक स्थिति, कृषि, सिंचाई, उद्योग, भौतिक पूर्वाधार, वित्तीय क्षेत्र, स्वास्थ्य, शिक्षा, आधारभूत सुविधा, रोजगारी, मानवीय विकासका क्षेत्रमा कविलासी नगरपालिका तुलनात्मक रूपमा पछाडि देखिएको तथा कोभिड-१९ महाब्याधीले हरेका क्षेत्रमा पारेको असर बाट झन पछि परेकोले यी क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ।

११. नगर कार्यपालिकालाई आफ्नो जिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि नेपाल सरकारसँग समन्वय गरी आवश्यक निर्णय लिईनेछ।

१२. नगर कार्यपालिकाले सार्वजनिक सेवाका सन्दर्भमा नागरिकका गुनासाहरू सुन्ने र त्यसको तत्काल सम्बोधन गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्नेछ।

१३. कविलासी नगरपालिका सामू मुख्यरूपमा निम्न चुनौतिहरू देखिएका छन् :

- कोभिड-१९ को विश्वव्यापी महामारी, संक्रमणको प्रभाव अवधि र त्यसले ल्याउन सक्ने चुनौती अनुमान गर्न नसकिने देखिएको र आगामी वर्ष अनुमान गरे अनुसारको आय प्राप्त हुन चुनौतिको रूपमा रहेको छ।
- जनतामा राजनैतिक र जीवनस्तरमा परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक, सामाजिक रूपले रूपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रूपमा रहेको छ।
- नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाहको लागि नगर कार्यपालिका र ५ वटा वडा कार्यालयको आफ्नो कार्यालय भवन नभएको र आफ्नो भवन भएका वडा कार्यालयको भवन समेत जीर्ण अवस्थामा रहेको। यसैगरी अपर्याप्त र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल बिनियोजन गर्ने, विकास आयोजनाहरूको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ।
- नगरपालिकाप्रतिको जनविश्वासलाई मजबुत बनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हामी माथि छ।

राधा देवी

२।६।।८७
राधा देवी
उप-प्रमुख

**सभा अध्यक्ष महोदय,**

१४. अब म गत आर्थिक बर्ष २०७५।०७६ को यथार्थ आय र व्यय सम्बन्धमा संक्षिप्त रूपमा प्रकाश पार्न चाहन्छु । गत आर्थिक बर्षमा आन्तरिक आय, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान, सामाजिक सुरक्षा रकम समेत कूल आय रू.५६ करोड ३१ लाख ९० हजार १ सय ४३ रूपैया र पैसा ३३ रहेको छ । सो मध्ये रू.४३ करोड २४ लाख ९४ हजार ७ सय ७४ रूपैया र पैसा ३० खर्च भई बाँकी रू.१३ करोड ६ लाख ९५ हजार ३ सय ६९ रूपैया र पैसा ३ बाट गत विगतको बाँकी रहेको रू.८ करोड ३४ लाख ३० हजार २ सय ७० रूपैया १६ पैसा र भूक्तानी बाँकी रू.२ करोड ९२ लाख ४० हजार ६ सय २ रूपैया पैसा ५६ घटाई यथार्थ मौज्दाँत रू.१ करोड ८० लाख २४ हजार ४ सय ९६ रूपैया र पैसा ३१ रहेको छ ।

१५. गत आर्थिक बर्ष २०७५।०७६ मा दोस्रो नगर सभाबाट स्वीकृत योजनाहरू सञ्चालन भए । जसमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू व्यवस्थापन, अत्यावश्यक कानूनहरू निर्माण, सडकहरूको स्तरोन्नति एवं सडक सञ्जाल विस्तार, नाला निर्माण, धार्मिक, साँस्कृतिक धरोहरको संरक्षण, सौर्य सडक बत्ती जडान कृषि, सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक विकास जस्ता विविध क्षेत्रका आयोजना तथा कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण जस्ता शिर्षकमा खर्च भएको थियो । उक्त आर्थिक वर्षको अन्तिम लेखापरीक्षण विश्वव्यापी महामारी कोरोना भाइरस (कोभिड-१९) को कारण सम्पन्न हुन नसकेको छ ।

१६. यसै क्रममा चालु आर्थिक वर्ष २०७६।०७७ को संशोधित आय र व्यय अनुमानको सारांश प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक बर्षको लागि ५५ करोड १९ लाख १८ हजार आय र व्यय अनुमान गरिएकोमा चालु आर्थिक बर्षको अषाढ मसान्तसम्म सोही रकम बराबर आय र व्यय हुने संशोधित अनुमान गरेको छ ।

१७. चालु आर्थिक बर्षको मुख्य मुख्य क्रियाकलापहरूमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण विश्व नै लकडाउनको अवस्थामा पुगेको बेला आम जनताको लागि राहत वितरण, महाब्याधीको संक्रमणबाट बच्न अपनाइने सतर्कता सम्बन्धी कृयाकलाप, आम जनतामा जनचेतना फैलाउने काम, विदेशबाट आएका तथा सिमा नाकामा रहेका हाम्रा नगरबासीहरूलाई नगरपालिकामा

२।६।।८७

२१।८।०७  
राधा देवी  
उप-प्रमुख

सञ्चालित क्वारेनटाइनमा व्यवस्थापन, आइसोलेसन वार्डको व्यवस्था, सडक, नाला, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधार निर्माण, सौर्य सडक बत्ती, कालोपत्रे, सिँचाई कार्यक्रम, कार्यालयको पूर्वाधार, मर्मत सम्भार, विपद् व्यवस्थापन, सुशासन प्रबर्द्धन, सूचना तथा प्रविधि प्रबर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका विकास, सामाजिक विकास, सीप तथा रोजगारी प्रवर्द्धन कार्यक्रमहरू सञ्चालित रहेका छन्। ती कार्यक्रम समयमै सम्पन्न गर्ने लक्ष्य रहेको छ।

**सभा अध्यक्ष महोदय,**

१८. अब म आगामी आर्थिक बर्ष २०७७।०७८ को बजेट बारे प्रकाश पार्न चाहन्छु। यो बजेटका उदेश्यहरू यस प्रकार रहेका छन् :

- आम नागरिकलाई कोभिड-१९ लगायत सबै प्रकारका महामारी र विपद्बाट नागरिक जीवनको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासको प्रत्याभूति दिने।
- उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शीघ समग्र क्षेत्रको विकासको गतिलाई निरन्तरता दिने।
- संविधान कार्यान्वयनमा सहयोग गर्ने।
- दिगो, सामावेशी विकासमा योगदान गर्ने।
- समुन्नत नगर विकास तर्फ उन्मुख गर्ने।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुँच बढाउने।
- आम नागरिकलाई सुशासनको प्रत्याभूति दिने।
- सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशील, समुन्नत, स्वाधीन एवं समृद्ध नगर निर्माण गर्दै जाने।

१९. बजेटका उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथमिकता निर्धारण गरेको छु :

- कारोना भाइरस (कोभिड-१९) लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नगरबासीलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार,स्वस्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती
- संघीयताको कार्यान्वयन र स्थानीय सरकारको प्रत्याभूति

राधा देवी  
उप-प्रमुख

राधादेवी
**राधा देवी**
उप-प्रमुख

- सुशासन
- सामाजिक विकास, आर्थिक विकास र वन, वातावरण तथा विपद् व्यवस्थापन
- भौतिक पूर्वाधार विकास तथा संस्थागत विकास
- नीतिगत, कानूनी एवं संरचनागत प्रबन्ध
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा विशेष सुधार
- उद्यमशीलताको विकास, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन र पारदर्शिता
- दिगो विकास, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र विपद् व्यवस्थापन
- सडक सञ्जालको स्तरोन्नति
- स्थानीय श्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा जोड
- पर्यटन प्रवर्द्धनका आयोजनाहरूको पहिचान र कार्यान्वयन
- कविलासी नगरपालिकाको मौलिकता, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरूको संरक्षण र प्रबर्द्धनन
- संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता

**सभा अध्यक्ष महोदय,**

२०. कविलासी नगरपालिकाको समग्र विकासको लागि आगामी आर्थिक बर्ष २०७७।०७८ मा तपसिल बमोजिमका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरूको लागि रकम विनियोजन गरी समयमा नै बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

१) राष्ट्रिय नीति समेतलाई ध्यानमा राखी कारोना भाइरस कोभिड-१९ ले पारेको असरलाई सम्बोधन गर्नु पर्ने आवश्यकता देखिएको छ । त्यसको लागि बजेटको उद्देश्य तथा प्राथमिकतामा सामाजिक विकास तथा आर्थिक विकासलाई निरन्तरता दिई उच्च प्राथमिकतामा राखेको छु ।

२) कोभिड-१९ को विश्वव्यापी संक्रमण रोकथामको लागि संघ तथा प्रदेशसंगको सहकार्यमा आवश्यक स्वास्थ्य सुरक्षा व्यवस्था मिलाउने छु ।

३) कविलासी नगरपालिकाले स्वास्थ्य सुरक्षा समेतलाई सम्बोधन हुने गरी प्रदान गर्ने प्रशासनिक सेवा प्रणालीमा सुधारको व्यवस्था मिलाएको छु ।

राधादेवी
**राधा देवी**

कविलासी नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय, सर्लाही
कविलासी, सर्लाही
२ न. प्रदेश, नेपाल

राधा देवी
उप-प्रमुख

४) हालको कोभिड-१९ लगायत भविष्यमा आउन सक्ने अन्य प्रकोप/विपद् व्यवस्थापनका लागि व्यवस्था मिलाएको छु ।

५) जनस्वास्थ्यमा आईपरेको चुनौतीहरूलाई सामना गर्ने गरी यस पालिका अन्तर्गतका स्वास्थ्य सेवालाई सुदृढ/सवलीकरण गर्ने व्यवस्था गरेको छु ।

६) कविलासी नगरपालिकाका शैक्षिक कृयाकलापहरूलाई सुरक्षित हिसाबले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७) मानव पूँजी निर्माण, सामाजिक रूपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न शिक्षालाई मैले उच्च प्राथमिकता दिएको छु । शैक्षिक पूर्वाधारको विकास, दक्ष जनशक्ति एवम् शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चितता गरिने व्यवस्था मिलाएको छु ।

८) सफा सुग्घर कविलासी नगरपालिकाको रूपमा आम नगरबासीहरूले महशुस गर्ने गरी प्रकोप न्यूनिकरणलाई ध्यानमा राखी फोहरमैला व्यवस्थापन, खानेपानी, सरसफाई जस्ता आधारभूत सेवाहरूको उपलब्धता तथा गुणस्तरमा सुधार गर्न व्यवस्था मिलाएको छु । फोहोर मैला व्यवस्थापनलाई प्रविधियुक्त बनाउन बजेट विनियोजन गरेको छु ।

९) कोरोना भाइरस (कोभिड-१९) प्रकोप र लकडाउनको कारण आर्थिक गतिविधिमा परेको प्रतिकुल असरबाट बढी प्रभावित समूह (महिला, अशक्त, असहाय, अत्ति विपन्न) को जीविकोपार्जन, हिंसा नियन्त्रण तथा स्वास्थ्य सुरक्षाको लागि आवश्यक कार्यक्रमको व्यवस्था मिलाएको छु । समाजमा बञ्चितीकरणमा रहेका, उत्पीडित समुदाय एवं दलित, अपांगता भएका व्यक्तिहरूको सशक्तिकरण, मूल प्रवाहीकरण र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१०) लकडाउनको प्रभावले करदातालाई पारेको असरलाई न्यूनिकरण गर्न कर सहुलियतको व्यवस्था मिलाएको छु ।

राधा देवी
उप-प्रमुख

राधादेवी

राधा देवी
उप-प्रमुख

११) कोभिड-१९ विश्वव्यापी महामारीको कारण वहुसंख्यक युवाहरू वैदेशिक रोजगारबाट फर्कि रहेको वर्तमान सन्दर्भमा ती युवाहरूलाई स्वदेशमा नै रही स्वाबलम्बी बन्नका लागि रोजगारमूलक कार्यक्रम एवं आय आर्जन तर्फ आकर्षिक गरी स्वदेशमा नै रहने वातावरण सिर्जना गर्नको लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु ।

१२) कविलासी नगरबासीहरूको आय आर्जन बढाउनको लागि सीप नभएकाहरूलाई सीप सिकाउन र सिकेका सीपबाट आय आर्जन गर्न सक्ने तुल्याउन समग्र क्षेत्रको सीप सिकाउन उद्यमशीलता विकास तालिम तथा व्यवस्थापन कार्यक्रम तर्फ बजेटको व्यवस्था मिलाएको छु ।

१३) धार्मिक सहिष्णुतालाई आत्मसात गर्दै यस कविलासी नगरपालिकाले सबै धर्म सम्प्रदायलाई महत्व दिंदै आवश्यक बजेटको लागि व्यवस्था गरेको छु ।

१४) हाम्रा भविष्यका कर्णधार युवाहरूलाई लक्षित गरी लागू औषध, कुलत विरूद्ध जनचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

१५) ग्लोबल भिलेज (Globai village) संसार नै एउटै गाउँ भईरहेको वर्तमान २१ औं शताब्दीमा प्रत्येक क्रियाकलापलाई सूचना प्रविधि युक्त बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१६) हाम्रा बालबालिका संसारको कुनै पनि ठाउँमा प्रतिस्पर्धा गर्न सकुन् भन्ने भावना स्वरूप प्रविधियुक्त सामुदायिक विद्यालय बनाउनको लागि सामुदायिक विद्यालयलाई वस्तुगत सहयोग र अनुदानको व्यवस्था मिलाएको छु ।

१७) राज्यको चौथो अंग पत्रकारिता मार्फत् आम नगरबासीलाई प्रत्येक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले पत्रकारिता एवं रेडियो कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

१८) खेलकुद कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१९) जेष्ठ नागरिकको सम्मान र अनुभव आदान प्रदानको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

२०) कविलासी नगरपालिकाका सबै वडालाई बालमैत्री वडा घोषणा गरी कविलासी नगरपालिकालाई बालमैत्री नगरको रूपमा विकास गर्न बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

२१) नगरस्तरीय गौरवका योजनाहरूको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

राधादेवी

राधा देवी

राधा देवी
उप-प्रमुख

२२) विपन्न परिवारलाई सहकारी मार्फत आय स्तर बढाउने कार्यक्रम ल्याएको छु । सहकारी क्षेत्रको विकासको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२३) बजेट, योजना तथा कार्यक्रममा सबै वर्ग, लिंग, समुदायलाई समेटेको छु । विस्तृत योजना तथा कार्यक्रम अनुसूचिमा समावेश गरेको छु ।

२४) राष्ट्रिय गौरवका तथा बढी लगानी लाग्ने योजनाहरूलाई प्रदेश स्तर तथा केन्द्रीय योजनाको रूपमा तयार गरी पेश गर्ने व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्ष महोदय,**

२१. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनको लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

२२. आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू.५६ करोड ६२ लाख ९८ हजार ८ सय ५६ रूपैया विनियोजन गरेको छु । उक्त अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रू.१ करोड ५ लाख, नेपाल सरकार वित्तीय समानीकरण अनुदानबाट रू.१२ करोड ८२ लाख, सशर्त अनुदानबाट १८ करोड ४८ लाख, राजस्व बाँडफाँडबाट रू.८ करोड ३८ लाख ६ हजार ३ सय ६०, प्रदेश सरकारबाट समानीकरण अनुदान रू.७३ लाख ३७ हजार, सशर्त अनुदान रू.८० लाख, विशेष अनुदान ३० लाख, सम्पुरक अनुदान रू.२० लाख, सवारी साधन करको बाँडफाँड रू.४२ लाख १५ हजार बहुक्षेत्रीय पोषण कार्यक्रमबाट रू.१४ लाख १६ हजार, सडक बोर्ड नेपालबाट रू.३० लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुर रू.२० लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रमबाट रू.११ करोड र गत आ.व. २०७५।०७६ को मौज्दात रू.१ करोड ८० लाख २४ हजार ४ सय ९६ रूपैया र पैसा ३१ रहेको छ ।

२३. बजेट प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक बर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरूको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सकिने अनियमितता रोकिनेछ ।

२४. कोभिड-१९ को कारण हरेक क्षेत्रमा दुरगामी प्रभाव देखिएकोले आगामी वर्षको बजेट तथा कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिवर्तन वा परिमार्जन गर्न सकिने गरी गतिशिल बनाउन आवश्यक देखिन्छ । यस सन्दर्भमा योजना गरिएका कार्यहरू

राधा देवी
उप-प्रमुख

राधा देवी
उप-प्रमुख

सञ्चालनमा गतिशिलता (लचकता) ल्याउन कार्यक्रम तथा बजेट तर्जुमा विधि अपनाउँदा नै त्यस अनुसार बजेट विनियोजन गरिनेछ ।

२५. जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्वयनलाई सहज बनाइनेछ ।

२६. कविलासी नगरपालिकाको आर्थिक विधेयक,२०७७ र विनियोजन विधेयक,२०७७ स्वीकृतिको लागि यसैसाथ पेश गरेको छु ।

**सभा अध्यक्षज्यू ,**

२७. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यन्यूहरू, प्रदेश सभाका माननीय सदस्यन्यूहरू, कविलासी नगरपालिकाका प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, विभिन्न समितिका पदाधिकारीन्यूहरू, पूर्व गा.वि.स. अध्यक्षन्यूहरू, सम्पूर्ण राजनितिक दलका पदाधिकारीज्यूहरू, निजी क्षेत्र तथा विकास साँझेदार सँस्थाका महानुभावहरू, बुद्धिजीविज्यूहरू, विषय विज्ञ, राष्ट्र सेवक कर्मचारीहरू, सञ्चार जगत लगायत नगरको विकासमा टेवा दिने आदरणीय नगरबासीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२८. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नगरिक, करदाता, नगरको हित र समुन्नतिमा योगदान पुर्याउने सबै विकास, साझेदार, सरकारी, गैर सरकारी, सामुदायिक संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग र साथ पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

राधा देवी
उप-प्रमुख

मिति २०७७।०३।१० गते बुधबार